# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १९ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेंद्र मोदी भोलि पश्चिम बंगालको भ्रमणमा आउनुहुनेछ।

- संसदको 19 दिवसीय शीतकालीन सत्र आज समाप्त भएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा एस.आई.आर. प्रक्रियाका आगामी चरणका लागि अतिरिक्त सहायक निर्वाचन पंजीकरण अधिकारीको नियुक्तिलाई स्वीकृति दिएको छ।

- दार्जिलिङका सांसद राजू विष्टले दार्जीलिङ्ग, तराई डुवर्सका विभिन्न क्षेत्रमा भइरहेको विकास कार्यहरु केन्द्रीय सरकारले पुर्याएको आर्थिक सहायताको कारण भइरहेको बताउनुभएको छ।

- मौसम विभागले दार्जीलिङ्ग पहाड़ी क्षेत्रमा बिहान अनि बेलुकीको समय चिसो बड्दै जाने बताएको छ।

## प्रधानमंत्री - पश्चिम बंगाल असम यात्रा

प्रधानमंत्री नरेंद्र मोदी भोलि पश्चिम बंगालको भ्रमणमा आउनुहुनेछ। आफ्नो यात्राको अवधि, प्रधानमंत्रीले नदिया जिल्लाको रानाघाटमा राष्ट्रीय राजमार्ग परियोजनाहरुको आधारशिला राख्नुहुनेछ एवं उद्धाटन गर्नुहुनेछ। प्रधानमंत्रीले सभालाई सम्बोधन पनि गर्नुहुनेछ। प्रधानमंत्री मोदीले लगभग तीन हजार दुइ सय करोड़ रुपियाँको दुइवटा राष्ट्रीय राजमार्ग परियोजनाको उद्धाटन तथा आधारशिला राख्नुहुनेछ। यी परियोजनाहरुले कोलकाता अनि सिलगड़ी बीच एउटा महत्वपूर्ण संपर्कको काम गर्नेछ। यसद्वारा यात्राको समय लगभग दुइ घंटा कम्ती हुनेछ तथा वाहनहरुको आवाजाही तिव्र अनि सुगम हुनेछ। प्रधानमंत्री भोलिदेखि शुरू भइरहेको दुइ दिवसीय असम यात्रामा पनि जानुहुनेछ।

## संसद स्थगित

संसदका दुवै सदन अनिश्चितकालका लागि स्थगित गरिएको छ, यसका साथै 19 दिने शीतकालीन सत्र आज समाप्त भएको छ। पहिले लोकसभा अनिश्चितकालका लागि स्थगित गरिएको गरियो र त्यसपछि राज्यसभा राज्यसभा स्थगित गरियो । लोकसभा अध्यक्ष ओम बिरलाले आफ्नो समापन भाषणमा भन्नुभयो सदनको कार्यवाही लगभग एक सय एघार प्रतिशत भयो। उहाँले सदनमा जम्मा 15 वटा बैठक भएका बताउनु भयो। उहाँले सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न सहयोग गरेकोमा सबै सदस्यहरूलाई धन्यवाद दिनु भयो।राज्यसभाका सभापति सी.पी. राधाकृष्णनले आफ्नो बिदाई भाषणमा सदन लगभग 92 घण्टा चलेको र 121 प्रतिशत काम सम्पन्न भएको बतॉउनु भयो। उहाँले सत्रमा 59 निजी विधेयक पेश गरिएको पनि बताउनु भयो।उहाँले भन्नुभयो यो सत्र ऐतिहासिक र लोकतान्त्रिक महत्वका मुद्दाहरूमा उच्च-गुणस्तरको बहस र चर्चाका लागि जानिनेछ। उहाँले भन्नुभयो सदनले राष्ट्रिय गीत वन्दे मातरमको 150 औं वर्षगांठमा विशेष चर्चा गर्यो, जसमा 82 सदस्यहरूले भाग लिए।उहाँले भन्नुभयो सदनले चुनाव सुधारहरु बारे पनि चर्चा गर्यो, जसमा 57 सदस्यहरूले देशको लोकतान्त्रिक प्रक्रियालाई सुदृढ पार्न आफ्नो बहुमूल्य विचार साझा गरे।श्री राधाकृष्णनले हिजोको बैठकमा विपक्षी सदस्यहरू द्वारा उत्पन्न अवरोधप्रति चिन्ता व्यक्त गर्नुभयो। उहाँले नाराबाजी गर्ने, पोस्टर देखाउने, चर्चाको जवाफ दिँदै गर्दा मन्त्रीलाई अवरोध गर्ने, कागज च्यात्नेर सदनको बीचमा फ्याँक्ने

जस्ता कार्य सांसदहरूको अशोभनीय व्यवहार भएको बताउनु भयो।उहाँले सदस्यहरूले आत्म-मंथन गर्नेछन् र भविष्यमा यस्तो अनुशासनहीन व्यवहार दोहोऱ्याउने छैनन् भन्ने आशा व्यक्त गर्नुभयो।

**रिजिजू शीतकालीन सत्र**

संसदीय कार्य मंत्री किरेन रिजिजूले संसदको शीतकालीन सत्रमा पारित गरिएका विधेयकहरुले करोड़ौं मानिसहरुको जीवनलाई असल बनाउने तथा भारतलाई एक विकसित देश बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभएको छ। नयाँ दिल्लीमा शीतकालीन सत्र सम्पन्न भए पछि संवाददाताहरुलाई जानकारी दिनुहुँदै, श्री रिजिजूले संसदको शीतकालीन सत्रलाई कामकाजको लागि धैरै उपयुक्त बताउनुभयो। चुनावी सुधारहरमा अलग रुपले चर्चा गरिएको पहिलो पटक भएको श्री रिजिजूले बताउनुभयो। उहाँले भन्नुभयो धैरै मानिसले चुनाव प्रक्रियामाथि प्रश्न खड़ा गरेको थियो, तर संसदको दुवै सदनमा चुनावी सुधारहरुमाथि बहस पछि सबै कुरो स्पष्ट बनेको छ। चुनाव आयोग अनि चुनावी व्यवस्थामाथि आरोप लगाउनेहरु उजागर भएको पनि श्री रुजिजूले बताउनुभएको छ।

**जी राम जी विधेयक,**

संसदले विकसित भारत - रोज़गार एवं आजीविका मिशन गारंटी (ग्रामीण) जी राम जी विधेयक, 2025 ध्वनि मतले पारित गरेको छ। यसलाई राज्यसभाले हिजो राती मंज़ूरी दिईयो। लोकसभाले यसलाई अघिबाटै पारित गरेको छ। विधेयक अन्तर्गत हरेक वित्तीय वर्षमा प्रत्येक ग्रामीण परिवारले 125 दिनको रोजगार पाउनेछन्। राज्यसभामा विधेयक बारे चर्चाको उत्तर दिँदै ग्रामीण विकास मंत्री शिवराज सिंह चौहानले भन्नुभयो सरकार ,राष्ट्र प्रथमको विचारका साथ काम गरिरहेको छ। उहाँले भन्नुभयो गाँउहरुको विकास बिना देशको विकास हुन सक्दैन। श्री चौहानले भन्नुभयो सरकार समाजका वंचित वर्गलाई लाभ पुर्याउनका लागि अथक प्रयास गरिरहेको छ।

**मनरेगा-विरोध**

महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी योजना, अर्थात मनरेगाको नयाँ स्वरूपलाई लिएर तृणमूल कांग्रेसले केन्द्र सरकारमाथि गम्भीर आरोप लगाएको छ। पार्टीले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया जनाउँदै ग्रामीण भारतको मेरुदण्ड मानिने मनरेगालाई 'सुधार' होइन, 'समाप्त' गरिएको दाबी गरेको छ। तृणमूल कांग्रेस अनुसार, यस विषयमा पार्टीका सांसदहरूले १२ घण्टा लामो धरना दिएका थिए। पार्टीले केन्द्र सरकारले योजना कमजोर पारेर करोडौँ ग्रामीण मजदुरहरूको रोजीरोटीमाथि प्रत्यक्ष आक्रमण गरेको आरोप लगाएको छ। तृणमूल कंग्रेसले मनरेगाबाट महात्मा गान्धीको नाम हटाइनु गान्धीवादी मूल्यहरूप्रतिको वैचारिक विरोध भएको बताउँदै इतिहासले यसलाई स्मरण गर्ने चेतावनी दिएको छ।

**बंगाल-निर्वाचन आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालमा एस.आई.आर. प्रक्रियाका आगामी चरणका लागि २ हजार ८ सय अतिरिक्त सहायक निर्वाचन पंजीकरण अधिकारीको नियुक्तिलाई स्वीकृति दिएको छ। यी नियुक्तिहरू पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी कार्यालयको औपचारिक अनुरोधको प्रत्युत्तरमा गरिएको हो। आधिकारिक सुत्र अनुसार, ती अधिकारीहरूलाई प्रशासनिक आवश्यकताका आधारमा विभिन्न जिल्लाहरूमा तैनाथ गरिनेछ।

**एसआईआर**

पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण (एसआईआर) को अवधि अघि आएका आंकड़ाहरुले चुनावी प्रक्रियालाई लिएर गंभीर प्रश्न खड़ा गरेको छ। 16 दिसंबरको दिन जारी ड्राफ्ट मतदाता सूचीमा नयाँ मतदाताहरुको नाम जोड़्नलाई लिएर आएको आवेदनहरुको संख्या, पछिल्लो सूचीबाट हटाएको मतदाताहरुको  तुलनामा धैरै कम्ती रहेको छ। मुख्य निर्वाचन अधिकारी कार्यालय सूत्र अनुसार, पहिलो चरणमा नयाँ मतदाताहरुको पंजीकरणको लागि कुल तीन लाख 24 हजार 800 आवेदन प्राप्त भएको छ। यसको तुलनामा अक्टूबर 2025 को पछिल्लो मतदाता सूचीबाट 58 लाख 20 हजार 899 नाम हटाइएको छ।

***नयाँ पंजीकरणको लागि भरिएको फॉरम-6 मा 18 सालको उमेर पुरा गरिसकेका नयाँ मतदाता शामेल छन्, साथै ती मानिसहरु पनि शामेल छन् जसले आफ्नो मतदाता क्षेत्र परिवर्तनको लागि आवेदन गरेका छन्। यद्धपी मुख्य निर्वाचन अधिकारी कार्यालयका अधिकारीहरु अनुसार फारम-६ जमा गर्नकालागि हाल पर्याप्त समय रहेको कारण आगामी दिनहरुमा यो संख्या बढ्न सक्नेछ। अंतिम मतदाता सूची 14 फरवरीको दिन जारी गरिने अनुमान रहेको छ। यसको साथै चार नवंबरदेखि शुरू भएको विशेष गहन पुनरीक्षण अभियान समाप्त हुनेछ। यस पछि निर्वाचन आयोगले राज्यमा हुन गइरहेको अहम विधानसभा चुनावको तारीखहरुको घोषणा गर्नेछ। यसै बीच निर्वाचन आयोग आयोगले यस पुनरीक्षणको अवधि 1 करोड़ ६० लाख मतदाताको मामलामा परिवारसित जुड़ेका अनौठो एवं संदिग्ध आंकड़ा पाइएको बताएको छ। यी संदिग्ध मामलाहरुमा धेरै मतदातालाई सुनवाईको लागि बोलाइने आयोगले बताएको छ।***

**<u>आर.एस.एस</u>**

राष्ट्रिय स्वंयसेवक संघका प्रमुख मोहन भागवतले आज सिलगड़ीमा उत्तरबंगाल तथा सिक्किमका प्रबुद्ध नागरिकहरूलाई संबोधित गर्नुभयो ।राष्ट्रिय स्वयंसेवक संघ आरएसएस को १०० वर्ष पूरा भएको अवसरमा देशभरी आयोजित भईरहेका प्रबुद्ध नागरिक सम्मेलनको एक भागको रूपमा यो आजको सम्मेलन संधको उत्तर बंगाल प्रान्तले आयोजित गरेको थियो।

**<u>BYTE</u>**

**<u>राजू विष्ट</u>**

दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टीका राष्ट्रिय प्रवक्ता राजू विष्टले पश्चिम बंगालमा केन्द्रीय सड़क तथा पूर्वाधार कोष, CRIF, बाट दार्जीलिङ, कालेबुङ्ग जिल्लामा महत्वपूर्ण सड़क निर्माणहरु भइरहेको जानकारी दिनुभएको छ। एउटा प्रेस विज्ञप्ती जारी गर्नुहुँदै सांसद राजू बिष्टले, २०१९-२० मा केन्द्रले CRIF कोषबाट पश्चीम बंगालको लागि १ हजार ७ सय ३६ करोड़ रुपियाँ आवंटित गरेको बताउनुभयो। यसको साथै बर्द्धमान रोड फ्लाइओभर निर्माणका लागि २०१७–१८ मा केन्द्र सरकारले ६१ करोड ५४ लाख रुपियाँ आवंटन गरेको सांसदले बताउनुभयो। यस बाहेक, राष्ट्रीय राजमार्ग-३१ को माटिगरा–खरसाङ खण्डको सर्फेसिङ कार्यका लागि २०२२–२३ मा केन्द्रीय सरकारले २० करोड १४ लाख रुपियाँ आवंटन गरेको पनि सांसद विष्टले बताउनुभयो। दार्जीलिङ्ग, तराई डुवर्सका विभिन्न क्षेत्रमा भइरहेको विकास कार्यहरु केन्द्रीय सरकारले पुर्याएको आर्थिक सहायताको कारण भएको तथा यी विकास कार्यहरुमा भइरहेको विलम्भ पश्चिम बंगाल सरकारको कथित अयोग्यताको कारण भएको पनि श्री विष्टले बताउनुभयो। उहाँले केन्द्रीय मन्त्री नितिन गडकरीसित पत्रमार्फत रोड ओभर ब्रिज को पुराना भागहरूको संरचनागत मूल्याङ्कन गराउन अनि विलम्भको कारण पत्तो लगाउन आफुले अनुरोध गरेको पनि बताउनुभयो। यसको साथै केन्द्रीय मन्त्रीको पहलद्वारा यी महत्वपूर्ण पूर्वाधार परियोजनाहरू शीघ्र सम्पन्न हुने आशा पनि सांसद राजू विष्टले व्यक्त गर्नुभएको छ।

**<u>तराई डुवर्स जन शक्ति फ्रण्ट</u>**

तराई डुवर्स जन शक्ति फ्रण्टको आज गठन भएको छ। माल बजारको बस स्टयाण्डमा आज तराई डुर्वस जन शक्ति फ्रण्टको केन्द्रीय कार्यलयको उद्धाटन भयो। आयोजित उद्धाटन समारोहमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रीय संयोजक अजय एडवर्डस विशेष रूपमा उपस्थित रहेका थिए। तराई डुवर्स जन शक्ति फ्रण्ट इण्डियन गोर्खा जन शक्ति फ्रण्टको भातृ संगठन हो। इण्डियन गोर्खा जनशक्ति फ्रण्टले तराई डुवर्स क्षेत्रको. गोर्खा, आदिवासी, टोटो, राजबंशी, बिहारी, बंगाली, मारवाडी आदि समुदायहरूले झेल्दै आएका समस्याहरूलाई समाधानको मार्ग खोजी निकाल्न तराई डुवर्स जन शक्ति फ्रण्टको गठन गरेको हो। आयोजित सभामा सर्वसमतिद्वारा अनुरूप आयुष अधिकारीलाई प्रमुख संयोजकको पदभार सुम्पिएको छ।

**<u>घैयाबारी-सफाई</u>**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायतको तर्फबाट सर सफाईमा ध्यान दिन्दै सेनेटेरी प्याड र डाइपरहरु डिसपोजल गर्ने मशीन वितरण गरिएको छ। घैयाबारी ग्राम पञ्चायत तीनको तर्फबाट उक्त डिसपोजर मशीन घैयाबारी प्राथमिक स्वास्थ्य केन्द्र, उषाकिरण मल्टिपर्जोस को-ओपरेटिभ सोसाइटी र रोहिणी सप सेन्टरमा गरी जम्मा तीनवटा डिसपोजल मशीनहरु प्रदान

गरिएको छ। यी तीनवटा मशीनहरुमार्फत् सेनिटेरी नेपकिन र डाइपरहरु डिसपोजल गरिने भएको छ। सरकारको निर्देशन अनुसार विभिन्न स्थानहरुमा सर सफाईको कार्य भईरहेको छ भने प्लास्टिकको प्रयोग विषयमा सचेतना फैलाउने कार्य पनि भईरहेको छ। यसै क्रममा सेनेटेरी प्याड र डाइपरहरु डिसपोजल गर्ने मशीनहरु तीनवटा स्थानहरुमा राखिएको बताइएको छ। यस मशीनहरु वितरण कार्यमा घैयाबारी ग्राम पञ्चायत तीनको पञ्चायत प्रधान सुष्मा वाईबा राई, उप प्रधान केवल राई, पञ्चायत समिति सदस्या कुसुम प्रधान, पञ्चायत सचिव लगायत अन्यहरु उपस्थित रहेका थिए। यस विषयमा घैयाबारी ग्राम पञ्चायतको पञ्चायत प्रधान सुष्मा वाईबा राईले विस्तृत रुपमा जानकारी गराएकी छन्।

**मौसम**

मौसम विभागले भोलि उत्तर बंगलका केही भागहरुमा बिहानीको समय हल्का कुइरो लाग्न सक्ने तथा दिनको समयमा आकाश सफा रहने सम्भावना व्यक्त गरेको छ। सिलगड़ि एवं वरिपरिका क्षेत्रहरुमा अधिकतम तापमान लगभग २२°C अनि न्यूनतम तापमान लगभग ११°C रहने अनुमान व्यक्त गरेको छ। यसको साथै दार्जीलिङ्ग पहाड़ी क्षेत्रमा बिहान अनि बेलुकीको समय चिसो बड्दै जाने पनि बताएको छ।  हावाको गति सामान्य र हल्का रहने पनि विभागले बताएको छ। यसै गरी मौसम प्रायः सुख्खा र स्थिर रहने आशंका पनि विभागले व्यक्त गरेको।

****** ० ******